म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३१५ २०८० असोज २४ गते बुधबार 11 October 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

### प्रदेश सरकारद्वारा २ कार्यविधि स्वीकृत

## प्रदेश सभाको वर्षे अधिवेशन अन्त्य

हेटौँडाः बागमती प्रदेश सरकारले २ वटा कार्यविधि पारित गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि-२०८० र चेपाङ, वनकरिया, माझी, बोटे एकीकृतबस्ती तथा आवास कार्यक्रम (मकवानपुर, चितवन र धादिङ) सम्बन्धी कार्यविधि-२०८० स्वीकृत गरेको छ। यस्तै प्रदेश सरकारले ३ प्रदेश सभाको वर्षे अधिवेशन मंगलबार राती १२ बजेदेखि अन्त्य गर्नका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय पनि गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिनुभएको छ। प्रदेश सरकारले प्रहरी भवन निर्माणका लागि सम्बन्धित कार्यालयलाई अख्तियारी दिने निर्णय पनि गरेको छ।

# वडा कार्यालयको बोर्ड तामाङ र नेवारी भाषा




*नेवारी र तामाङ भाषाको प्रयोग भएको २ नम्बर वडा कार्यालयको साइनबोर्ड ।*

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयले आफ्नो साइनबोर्डमा तामाङ र नेवारी भाषा पनि प्रयोग गरेको छ। बागमती प्रदेश सरकारले नेवारी र तामाङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोगमा ल्याउन बनाएको विधेयक प्रदेशसभाबाट सोमबार पारित भएसँगै वडा कार्यालयले प्रयोगमा ल्याएको हो।

वडा कार्यालयले मंगलबार कार्यालयको बोर्डमा तामाङ र नेवारी भाषाको प्रयोग गरेको छ। बागमती प्रदेश सभामा सोमबार प्रदेश सरकारी कामकाजको भाषासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएसँगै तामाङ र नेवारी भाषा सरकारी कामकाजको भाषाको रुपमा प्रचलनमा ल्याउन लागेको वडाध्यक्ष विष्णुगोपाल महर्जनले बताउनुभयो। प्रदेश प्रमुखले प्रमाणित गर्नुभएपछि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राजपत्रमा प्रकाशित गरेको मितिले १८० दिनपछि विधेयक लागु हुने भए तापनि आफुले बोर्डमा समावेश गराएको महर्जनले बताउनुभयो। जनताको मागको आधारमा अन्य काममा पनि प्रयोगमा ल्याउने उहाँले बताउनुभयो।

महर्जन भाषा र संस्कृतिको क्षेत्रमा पनि क्रियाशील व्यक्ति हुनुहुन्छ। नेवा साँस्कृतिक पुचःका निवर्तमान अध्यक्ष नेवा देय दवू बागमती प्रदेश समितिको अध्यक्ष समेत हुनुहुन्छ। जातीय पहिचान र भाषाको संरक्षणमा जोड दिनुपर्ने बताउँदै आउनुभएका महर्जनको प्रयासलाई भाषा र संस्कृतिको क्षेत्रमा काम गर्ने व्यक्तिहरुले प्रशंसा समेत गरेका छन्।

### विद्यालयस्तरीय फुटबल प्रतियोगिता

# वंशगोपाल, निर्मल, महेन्द्र र बालज्योति मावि अन्तिम ८ मा

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-६ स्थित गौरिटार रंगशालामा जारी स्व. कृष्णप्रसाद दहाल स्मृति एन्फा यु-१६ विद्यालयस्तरीय फुटबल प्रतियोगितामा हेटौँडा-५ स्थित बालज्योति मावि, हेटौँडा-६ स्थित वंशगोपाल मावि, हेटौँडा-१३ स्थित महेन्द्र मावि र हेटौँडा-१९ स्थित निर्मल मावि अन्तिम ८ मा पुगेको छ। मंगलबार दिउँसो भएको खेलमा वंशगोपाल माविले हेटौँडा-८, कमानेस्थित माउण्ट एभरेष्ट इंग्लिस स्कूललाई ३-० गोलअन्तरले पराजित गर्दै अन्तिम ८ को यात्रा तय गरेको हो।

वंशगोपालका लागि रोशन घिसिङले ४३ औं मिनेटमा पहिलो गोल गरे। दोस्रो गोल साइरस घलानले ५८ औं मिनेटमा गरे भने सन्देश चौलागाईले दोस्रो हाफको इन्जुरी समयको दोस्रो मिनेटमा गोल गरे। सन्देश म्यान अफ द म्याच समेत घोषित भए। यसअघि मंगलबार बिहान भएको पहिलो खेलमा हेटौँडा-१९, बस्तीपुर स्थित निर्मल माविले बागमती गाउँपालिकाको देवकी माविलाई सडेन डेथमा पराजित गर्‍यो। निर्धारित समय १-१ गोलको बराबरीमा सकिएको थियो।

देवकी माविका लागि लक्ष्मण थिङले चौथो मिनेटमै गोल गरेर अग्रता दिलाए पनि निर्मल माविका लागि रोज मोक्तानले २२ औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए। निर्धारित समयको खेल बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा पनि ४-४ को बराबरी भएपछि खेलको निर्णयका लागि सडन डेथमा जान बाध्य भएको थियो। सडेन डेथमा निर्मल मावि ५-४ ले विजयी भएको हो। म्यान अफ द म्याच निर्मल माविका गोलरक्षक अमित स्याङ्तान घोषित भए।

मंगलबार बिहान भएको दोस्रो खेलमा हेटौँडा-१३, पदमपोखरीस्थित महेन्द्र मावि विजयी भएको छ। महेन्द्र माविले हेटौँडा-४ स्थित भुटनदेवी माविलाई ३-० गोलअन्तरले पराजित गरेको हो। महेन्द्र माविका लागि एनोस गोम्जाले १९ औं मिनेटमा, युवराज वाईबाले ५२ औं मिनेटमा, सम्मान मुक्तानले ५८ औं मिनेटमा गोल गर्दै सहज जित दिलाए। म्यान अफ द म्याच एनोस गोम्जा घोषित भए।

मंगलबारको चौथो खेलमा बालज्योति माविले सिद्धार्थ शिशु सदन माविलाई ४-० गोलअन्तरले पराजित गरेको छ। सिद्धार्थ शिशु सदनका रेहान तामाङ म्यान अफ द म्याच घोषित भए। सेमीफाइनल प्रवेशका लागि निर्मल माविले महेन्द्र माविसँग बिहिबार खेल्नेछ। प्रतियोगितामा मकवानपुर जिल्लाका २९ वटा विद्यालयको सहभागिता रहेको छ। आगामी शनिबार फाइनल खेल हुनेछ। प्रतियोगिताको उपाधि विजेताले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागत उत्कृष्ट खेलाडीहरुले समेत पुरस्कार प्राप्त गर्नेछन्।

यसैबीच आज बुधबार पनि ४ खेल हुनेछ। आज बिहान पहिलो खेल तुलसीमेहर मेमोरियल स्कूल र गोरक्षनाथ माविबीच हुनेछ भने दोस्रो खेल प्रगति मावि र चन्द्रोदय मावि बीच हुनेछ। दिउँसोको पहिलो खेल सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी र जनजागृति माविबीच हुनेछ भने दोस्रो खेल बालज्योति मावि र ब्रह्मदिक एकेडेमीबीच हुनेछ।

# सेपाक ताक्रो प्रतियोगिता सम्पन्न

**समाज संवाददाता**

हेटौंडाः हेटौंडामा सोमबार सुरु भएको सेपाक ताक्रो प्रतियोगिता सम्पन्न भएको छ। नेपाल खेलकुद महासंघ समाजवादीको आयोजना तथा नेपाल सेपाक ताक्रो संघको सहकार्यमा भएको प्रतियोगिता मंगलबार सम्पन्न भएको हो।

हेटौंडा-४, पारिजातपथस्थित बहुउदेश्यीय कभर्ड हलमा प्रतियोगिता गरिएको हो। प्रतियोगितामा पुरुषतर्फको क्वाट समूहबाट बागमती प्रदेश प्रथम, गण्डकी प्रदेश द्वितीय र लुम्बिनी प्रदेश तृतीय भएको छ। रिग्वाड समूहबाट गण्डकी प्रदेश प्रथम, बागमती प्रदेश द्वितीय र लुम्बिनी प्रदेश तृतीय भएको छ।

महिलातर्फको खेलमा क्वाट र रिग्वाड दुबै समूहबाट बागमती प्रदेश प्रथम, गण्डकी प्रदेश द्वितीय र कोशी प्रदेश तृतीय भएको छ। पुरुषतर्फको प्रतियोगितामा क्वाट समूहबाट बागमती प्रदेशले गण्डकी प्रदेशलाई २-० को सोझो सेटले पराजित गर्दै प्रथम भएको हो भने रिग्वाट समूहमा कोशी प्रदेशले बागमती प्रदेशलाई २-१ को सेटले पराजित गर्दै प्रथम हुन सफल भएको हो। महिलातर्फको दुबै खेलमा बागमती प्रदेशले २-० को सेटले पराजित गर्दै प्रथम हुन सफल भएको हो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको थियो।




## हार्दिक आभार एवम् बधाई



मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा गत शुक्रबार र शनिबार दुईदिन सम्पन्न **जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता**मा सहभागिता जनाउने सम्पूर्ण डोजो, खेलाडी, सहयोगी प्रशिक्षक, स्वयम्सेवक, खेल क्षेत्रका पदाधिकारी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं। प्रतियोगितामा सहभागी भई पदक विजेता खेलाडीहरुलाई बधाई ज्ञापन गर्दै हेटौंडा उपमहानगरपालिकाको सहयोग र सहकार्यप्रति कृतज्ञता व्यक्त गर्दछौं।

**लालकाजी रत्न बज्राचार्य, अध्यक्ष**
**एवम् मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमिति परिवार**
**हेटौंडा, मकवानपुर**

## सम्पादकीय

# चाडपर्वलक्षित सुरक्षा योजना

अहिले नेपाली गाउँ शहरमा चाडपर्वको रौनक सुरु भएको छ । अबको केही दिनमा नेपालीहरुको सबैभन्दा ठूलो चाड दशैं सुरु हुनेछ । १५ दिनसम्म मनाइने दशैंको समयमा मानिसको चहलपहल अन्य समयमा भन्दा बढी हुने गर्दछ । किनमेलका लागि बजार जाने, देशका विभिन्न भाग तथा विदेशमा रोजगारी, शिक्षा आर्जन, व्यापार-व्यवसाय आदिका लागि गएकाहरु घर फर्कने क्रम बढ्नेछ । दशैंमा लामो बिदासमेत हुने भएकाले घुमफिरका लागि निस्कनेहरुको संख्या पनि उल्लेख्य हुने गरेको छ । यस्तै, आफन्त र मान्यजनकहाँ टीका लगाउन जानेहरुको आवतजावत पनि उत्तिकै हुने गर्दछ । यसरी दशैं, तिहारजस्ता प्रमुख चाडपर्वको समयमा मानिसको आवागमन र चहलपहल वृद्धि हुने भएपछि यही बेलामा आपराधिक घटना पनि बढी नै हुने गर्दछन् ।

दशैं नजिकिँदै गएपछि सम्भावित आपराधिक घटनालाई मध्यनजर गर्दै मकवानपुर प्रहरीले चाडपर्वलक्षित विशेष सुरक्षा योजना सार्वजनिक गरेको छ । चाडपर्वको बेलामा बजारमा किनमेलका लागि आउने मानिसहरुका कारण भिडभाड हुँदा आपराधिक घटना बढी हुने गर्दछन् । गाउँबस्ती तथा शहर बजारमा चोरी, झगडा, लुटपाट, हत्याजस्ता आपराधिक क्रियाकलापका साथै सवारी दुर्घटनाहरु बढ्न सक्ने भएकाले प्रहरीले विगतका वर्षहरुमा जस्तै विशेष सुरक्षा योजना बनाएको छ । चाडपर्वको बेलामा सुरक्षा निकायलाई बढी सक्रिय र चनाखो बनाउँदै आवश्यक निगरानी तथा प्रहरी गस्ती वृद्धि गर्दै आपराधिक घटना न्यूनीकरणमा प्रहरीको ध्यान केन्द्रित हुने गरेको छ । विजयादशमीदेखि छठसम्मका लागि मकवानपुर प्रहरीले तयार गरेको चाडपर्वलक्षित सुरक्षा योजनामा ८ सय १७ जना प्रहरी परिचालन गर्ने बताइएको छ । चाडपर्वको समयमा हुनसक्ने आपराधिक घटना, राजमार्गमा हुनसक्ने लुटपाट, चोरी, डकैती, गुण्डागर्दी, सवारी दुर्घटना, झै-झगडालगायतका घटना हुन नदिन र शान्ति सुरक्षा कायम राख्न सुरक्षा योजना तयार गरेको बताइएको छ ।

प्रहरीले सुरक्षा क्षेत्रको कमाण्ड पोष्ट, विशेष टोली/स्ट्राइकिङ, क्यूआरटी, सीमा नाका चेकजाँच, अस्पताल रेस्क्यु, ट्राफिकसहितको चेक पोइन्ट, मोबाइल गस्ती, साइकल/पैदल गस्ती, पिकेट, राजमार्ग सवारी गस्तीका लागि प्रहरी जनशक्ति परिचालन गरेको छ । यस्तै, राजमार्गकेन्द्रित रात्रिकालीन बेस, नागरिक सहायता कक्ष/रिफ्रेसमेन्ट सेन्टर, लामो दुरीको सवारी साधन चेकजाँच, सरकारी कार्यालय/विशिष्ट व्यक्ति सुरक्षा, प्रहरी कार्यालय सुरक्षा, धार्मिक तथा पर्यटन सुरक्षा, बजार अनुगमनका लागि पनि प्रहरी खटाएको छ । प्रहरीले केही प्रहरीलाई रिजर्भमा राख्नुका साथै केहीलाई सादा पोसाकमा समेत परिचालन गरेको छ । चाडपर्वको समयमा आवतजावत गर्ने नागरिकको सुविधाका लागि प्रहरीले ४ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरेको छ भने लामो दुरीको सवारी साधन चेकजाँच गर्न ४ स्थानमा क्याम्प राख्ने भएको छ ।

चाडपर्वको बेलामा अपराध, दुर्घटना र विभिन्न विकृतिहरु मौलाउने गरेका छन् । यस्ता गतिविधिले प्रहरीलाई शान्ति सुरक्षा कायम गर्न चुनौती बढाउने गर्दछ । प्रहरीले चुनौतीको सामना गर्न प्रत्येक वर्ष सुरक्षा योजना कार्यान्वयनमा ल्याउने गरेको भए पनि पूर्ण प्रभावकारी बन्न सकेको पाइँदैन । प्रहरीले चाडपर्वको समयमा अपनाउनु पर्ने सुरक्षा सावधानी तथा विकृतिजन्य घटनाबारे सचेतना प्रदान गर्न सुरु गरिसकेको भए पनि चाडपर्व नजिकिँदै गर्दा त्यस्ता क्रियाकलाप मौलाउँदै जाने निश्चित छ । चाडबाडको बेलामा बजारमा उपभोक्ता तथा सेवाग्राही ठगिनुपर्ने बाध्यताप्रति प्रहरी प्रशासन गम्भीर हुनुपर्छ । बजारमा किनमेल गर्नेको घुइँचो बढ्दै जाँदा कालोबजारी गर्नेहरु सक्रिय बन्दछन् । सार्वजनिक सवारी प्रयोग गर्नेहरुले असुरक्षित यात्रासँगै बढि भाडा तिर्नुपर्ने हुन्छ । जुवातास र अत्यधिक मदिरा सेवनजस्ता विकृति पनि बढी नै हुन्छ । यसले झैझगडा तथा अन्य हिंसात्मक घटना निम्त्याउँछ । भिडभाडको मौकामा चोरी, डकैती गर्नेहरुले पनि मौका कुरेर बसिरहेका हुन्छन् । फुटपाथदेखि मलसम्मका व्यापारी बढी मूल्यमा कमसल सामान बिक्री गर्ने दाउमा रहेका हुन्छन् । यी सबै विकृति र आपराधिक घटना अनि दुर्घटना न्यूनीकरण गर्न प्रहरीले बनाएको विशेष सुरक्षा योजना प्रभावकारी बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : धार्मिक तथा सामाजिक क्षेत्रमा सफलता प्राप्त । |
| **वृष** | : वैदेशिक यात्रा प्रयोजनका कामबाट लाभ प्राप्त । |
| **मिथुन** | : पारिवारिक स्वास्थ्यले चिन्तित बनाउने योग । |
| **कर्कट** | : साथीभाई र कामदारले धोका दिने समय योग । |
| **सिंह** | : भौतिक सुविधा सामग्रीमा धन खर्च हुने समय । |
| **कन्या** | : व्यापार र धार्मिक क्षेत्रबाट लाभ प्राप्त योग । |
| **तुला** | : परिश्रमले काममा पूर्णता प्राप्त योग रहने छ । |
| **वृश्चिक** | : आवस्मिक रुपमा धनप्राप्ति हुने समय योग छ । |
| **धनु** | : प्रेम तथा दाम्पत्य जीवनमा तिक्तता आउला । |
| **मकर** | : मन दर्शक र चिन्तितमा केन्द्रित रहेन योग छ । |
| **कुम्भ** | : धर्ममा आघात र व्यावसायिक आघात आइपर्ला । |
| **मीन** | : अध्य्यन-अध्यापनमा सफलता प्राप्त योग छ । |

# प्रेरणा

कथा



**अनुषा उप्रेती**

आआफ्नै काम र जीवनमा व्यस्त रहने मानिसहरुको एउटा बस्ती थियो । त्यस शहरको नाम हेटौंडा थियो । त्यहाँ हरेक सुख, सुविधाहरु उपलब्ध थियो । साथै अनेकौं अवसरहरु पनि भेटिन्थे । तर अफसोच अवसरहरूमा प्रेरणा दिने, हौसला बढाउने मानिसहरु भने कमै मात्रामा भेटिन्थे । त्यही मानिसहरुको झुण्डमा अतित नामक एउटा केटा पनि आफ्नो बाआमासँग एउटा सुन्दर घरमा बस्दथ्यो ।

अतितलाई भने पुरानो कुराहरू भन्दा पनि नयाँ नयाँ कुराहरू जान्न खुब रूची लाग्थ्यो । “ओई अतित स्कुल जाने टाइम भैसक्यो हौ, छिटो आइजेन” भन्दै उसका मिल्ने साथी अभिषेक र सामलीले उसलाई गुहारिराथे । अतित हतार-हतार विद्यालयको झोला बोक्दै गेटबाट बाहिर निस्कियो र आफ्नो साथीहरुसँग लमक लमक विद्यालयतर्फ लम्क्यो ।

अतित कक्षा नौमा पढ्थ्यो । आज पहिलो घण्टी भने नेपाली शिक्षक सार्थक सरको थियो । केही विद्यार्थीहरूलाई किताबको चाङ बोकाएर सार्थक सर कक्षाकोठाको ढोकामा प्रवेश गर्नुभयो । त्यति धेरै किताब नै किताब देखेर सबै विद्यार्थीहरु अचम्मित देखिन्थे । केहि कोही ले त, “किन यति धेरै किताबहरु ल्याउनुभएको सर ?” भनी प्रश्न गर्न पनि भ्याए । सरले एकछिन पखको इशारा गर्दै सबै पुस्तकहरु टेबुलमा राख्नुभयो । अतितले पनि चाख मानी यो सबै दृश्य हेरिरहेको थियो । सार्थक सरले एक एक गरेर सबै विद्यार्थीलाई पुस्तक बाँड्नु भयो । बल्ल उहाँको बोली सुरु भयो, “यी सबै कथा, जीवनी, कविता उपन्यासका पुस्तकहरू हुन् । तिमीहरुलाई विषयको पाठहरु मात्रै नभई अन्य साहित्यसँग सम्बन्धित कथा, कविता, उपन्यास, आदिका पुस्तक पढ्न दिने सोच आयो । जसले तिमीहरुको चौतर्फी ज्ञानको विकास गर्दछ । साथै तिमीहरुलाई सिर्जनशील पनि बनाउँदछ । यी पुस्तकहरु तिमीहरूले घर लगेर पनि पढ्न सक्छौ र पढिसकेपछि भने फिर्ता गर्नु है । “पाठ भित्रका मात्रै पढाउने यो सरले आज कसरी कोर्ष बाहिरका अन्य पुस्तकहरु पढ्न दिने सोच आएछ ? सोच्दै कति विद्यार्थीहरू अचम्मित थिए । कतिपय विद्यार्थीहरु त “आज कोर्ष भित्रका पाठहरु नपढी अन्य पुस्तक पढ्न पाइयो “भनी खासखुसु गर्दै हर्षित देखिए ।

अतितले पनि एउटा उपन्यासको पुस्तक पायो । ऊ त्यस पुस्तकलाई पढ्न खुब उत्सुक भइसकेको थियो । उसले त दुई, तीन पेज पनि पढिहाल्यो । त्यसपछि जतन साथ त्यस पुस्तकलाई आफ्नो झोलामा राख्यो । घर पुगेपछि उसले हतार हतार आफ्नो गृहकार्यहरु गरी सकायो र त्यस उपन्यासलाई पढ्न सुरु गऱ्यो । अबेरसम्म पनि ऊ पढि नै रह्यो । केही फुर्सदको समयमा पनि उसले त्यही उपन्यास पढ्न भ्याइहाल्थ्यो । करिब तीन दिन लगाएर उसले त्यो मोटो उपन्यासको पुस्तक पढेर सकायो । त्यस उपन्यास पढिसकेपछि उसले आफूलाई अतित नभइकन उपन्यासको एउटा पात्रको रुपमा आफूलाई सोच्न थाल्यो । साँच्चै नै उसले नयाँ नयाँ कहिल्यै नसुनेको साहित्यिक शब्दहरू पनि थाहा पायो । सार्थक सरले भने झैं उसले पनि आफ्नो चौतर्फी जानको विकास भएको महसुस गऱ्यो ।

अचानक उसलाई पनि उपन्यास लेख्ने सोच आयो । आफू पनि त्यस उपन्यासका उपन्यासकार जस्तै एउटा महान् उपन्यासकार बन्ने सोच आयो र बन्छु भनेर नै जोस जाग्यो । सर्वप्रथम त उसले यो कुरा आफ्नो मिल्ने साथी अभिषेक र सामलीलाइ बतायो । “सुन न मलाई मैले पढेको उपन्यास जस्तै उत्कृष्ट उपन्यास लेखेर उपन्यासकार बन्ने इच्छा पो आयो भन्या । सार्थक सरले दिनुभएको उपन्यासको पुस्तक पढेपछि त साँच्चै नै प्रेरणा मिल्यो ।”

“तँ जिस्किएको त होइनस् नि अतित । मतलब त एउटा उपन्यास लेख्ने हा ! हा ! हा ! सपनामा “नराम्रोसँग अभिषेकले उसलाई खसाल्यो । “बाबु, उपन्यास लेख्न सजिलो नसोच । ठुल्ठुला साहित्यकारहरूले मात्रै लेख्न सक्छन् । तेरो वशको कुरा होइन” सामलीले अझै थपी । अतितको अनुहार कालो बादलले ढाकेको झैं भयो । आफ्नै मिल्ने साथीबाट यस्तो प्रतिक्रिया आउला भनेर उसले कहिल्यै पनि सोचेको थिएन । ऊ त्यहाँबाट ओझेल पऱ्यो । साथीहरुले जति भन्दा पनि अतितको उपन्यासकार बन्ने इच्छा अझै मरेको थिएन । अब त झन, उनीहरुलाई देखाउनका लागि भएपनि उपन्यास लेख्छु नै “भन्ने जमर्को राख्यो । अचानक उसलाई सार्थक सरको याद आयो र उहाँ भएको ठाउँमा गयो । उसले आफ्नो उपन्यास लेख्ने सोच बारे बतायो । साथै उपन्यास के हो ? कसरी लेखिन्छ ? राम्रो उपन्यास लेख्न के कस्ता कुराहरु चाहिन्छन् ? “आदि सबै प्रश्नहरू एकैसाथ सोध्न भ्यायो । नेपाली शिक्षकको नाताले उहाँलाई पनि उपन्यासको बारेमा राम्रै ज्ञान थियो । उहाँले उपन्यासको बारेमा सबै जानकारी अतितलाई दिनुभयो । अन्तिममा “गर्छु नै भनेर अठोट गऱ्यो र लक्ष्य जाग्यो भने उ कहिल्यै असफल हुँदैन । त्यस्तै तिमीले पनि उपन्यास लेख्ने अठोट गरेका छौं । त्यसैले तिमी एक सफल उपन्यासकार अवश्य पनि बन्ने नै छौ भन्ने मलाई पूर्ण विश्वास छ भन्दै उहाँले अतितलाई हौसला प्रदान गर्नुभयो । घर पुगेपछि उसले प्रकृतिलाई नियाल्यो । रूख, बिरुवा, जनावर, मानिस, आदि सबैको कल्पना गऱ्यो । तर लेखनलाई केही पनि विषयवस्तु पटक्कै सुझेन । अचानक उसले आफ्नो स्कुले जीवन सम्झियो । किशोर उमेरका घटनाहरु, समस्याहरु पनि सम्झियो र यही सबै कुरालाई नै पन्नामा उतार्ने सोच आयो । यो लेख्न उसलाई अलि सहज हुन्थ्यो । कारण उसले पनि धेरै कुराहरु आफैंले भोगेको थियो । दिन-रात नभनीकन अतित उपन्यास लेख्न तम्सियो । साथै सार्थकसँग पनि सल्लाह सुझाव लिँदै गयो । करिब अढाई महिनापछि उसले एउटा उपन्यास लेख्यो जस्लाई उसले शीर्षक दियो प्रेरणा । त्यस उपन्यासमा समस्या मात्रै थिएनन्, समाधान पनि थिए । असफलता त थियो तर सफलता पनि त्यसैको अंश थियो । शब्द, हरफ, अनुच्छेद मात्रै थिएनन्, एक एक शब्दमा सन्देश लुकेको थियो ।

उसले त्यो पाण्डुलिपी सार्थक सर लाई पनि देखायो । सरलाई पनि त्यो उपन्यास खुब मन पऱ्यो । उहाँले त्यो उपन्यास छाप्नलाई एउटा पब्लिकेशनमा दिनुभयो । केही दिनपछि नै उसको त्यो पाण्डुलिपी एउटा पुस्तकमा परिणत भएर आयो । त्यस पुस्तकलाई हेर्न अतित खुब आतुर भइसकेको थियो । शीर्षक भन्दा पनि त्यसको तल “अतित उप्रेती “लेखकको नाममा उसको आँखा ठोक्किन पुगे । उसले जिन्दगीमै नगरेको गर्व महसुस गऱ्यो । सालभरिकै बेस्टसेलरमा उसको किताब चिनियो । ऊ सबैतिर चर्चित भयो ।

केही समयपछि भने विद्यालयमै उसको पुस्तक प्रकाशनपछि पुस्तक विमोचन कार्यक्रमको आयोजना गरियो, जहाँ शिक्षा मन्त्रीलाई पनि प्रमुख अतिथिको रूपमा निम्त्याइएको थियो । मन्त्रीज्युले अतीतको कला र खुबीको खुब बयान गर्नुभयो । “यस्ता प्रतिभा र विशेष कलाको हामीले संरक्षण गर्नु पर्छ र आउँदा पिढीलाई पनि यस विषयमा लाग्न प्रेरित गर्नु पर्दछ । अतीतको यो नयाँ प्रयास यस विद्यालयको मात्रै नभई यस क्षेत्रकै गौरव बन्न पुगेको छ । फेरि पनि बधाई छ अतीत तिमीलाई । “मन्त्रीज्युको यस भनाईले अतितलाई साँच्चै नै आफ्नो कार्य उत्तम लाग्यो । केही विद्यार्थी र कार्यक्रममा सहभागी सदस्यहरुले पनि अतीतको उपन्यास खुब उत्सुकताका साथ किने । त्यो दृश्य देखेर अवश्य नै अतीत को मन प्रफुल्ल भएर आयो ।

“ल बधाई छ है अतित” उसका सबै साथीहरू, आफन्त, गुरु, आदि चिनेका मान्छेहरुको मुखबाट उसले यही सुन्न पाउँथ्यो । नचिनेका मान्छेहरुले पनि उसको उपन्यास पढेर अब त उसको फ्यान भैसकेका थिए । अभिषेक र सामली भने आफ्नो साथीको प्रगति देखेर पछुतो र लाजले भुतुक्क भएका थिए । अतितले सबैभन्दा बढी धन्यवाद आफ्नो पूजनीय नेपाली शिक्षक सार्थक सरलाई दियो, जसले उसलाई यस पुस्तक लेख्न प्रेरणा दिनुभएको थियो ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# दशैं



**विमर्श श्रेष्ठ**

वर्षा आइ ठूलो बगाइँ
दशैंको भाव आयो
दशैं आउने भनिएर
मालश्री धनु गायो ।

सोह्रश्राद्ध सुरु
भएको छैन धेरै
दक्षिणा नपाउने
भाग्य रहेछ मेरै ।

झिलिमिली बत्तीका साथ
घर सबले पार्यो
दशैं चाड मनाउँदै
सबले खसी मार्यो ।

दशमीको दिन आयो
लायो सबले टीका
जुठो लागेको भएर
लाग्यो यो चाड फिक्का ।

डोरी समाइ खुल्ला ...
गयो मेरो चङ्गा
अरुकाको चङ्गा काटी
भए सबै दङ्ग ।

गाउँमा गई साथी भेटी
खेले लिङ्गे पिङ
साथीको याद आउँदा नै
भेटियो छिरिङ ,

छिरिङ भने पहिलाकै
साथी थियो मेरो
मिल्ने साथी भएकोले
मित्रता गहिरो ,

भगवतीको पूजा गर्दै
निधारमा छ टिका
जमरा परिवारविहिन
हुन्छ यो चाड फिक्का ।

मन खोली हात समाई
मनाउ यस चाड
दशैंको अवसरमा
नाचौं पूरा रात ।

पैसाको थैली देख्दै
गर्छन् धेरै शान
दशैंको यस कतिले
गर्यो है गुणगान ।

*कक्षा-९, नवोदय शिशु सदन*

# मेरो देश मेरो भविष्य



**निमिशा जोशी**

मेरो देश नेपाल चार जात छत्तिस वर्णको फूलबारी हो । मेरो देश एक प्राकृतिक छाताले भरिपूर्ण भएको धेरै डाँडाकाँडा, पाखा पर्वत, हिमाल खोलानाला अनि ठूला ठूला नदि नालाहरुले भरिपूर्ण छ । यहाँ देउराली छ । हिमाली भेगमा हिँउले ढाँकेर सेताम्य भएको दृश्य हामी देख्न सक्छौ । पूर्व मेची देखि पश्चिम महाकाली सम्म फैलिएको मेरो देश जाती धर्म संस्कृति, ऐतिहासिक कला रीतिरिवाज परम्परा छ । मठ–मन्दिर, गुम्बा मस्जिद चर्चहरु पनि छन् ।

यति धेरै प्राकृतिक सम्पदाले भरिपूर्ण मेरो देशमा मेरो भविष्यको चिन्ता लिनु आवश्यक छ र । विश्वभरी नाम फैलाउँने मेरो देशका भृकुटी जनक सिता जस्ता व्यक्तिहरु जन्मेको देश मेरो भविष्य उज्जवल देख्छु । विश्व सामु चिनिएको व्यक्ति अरनिको भानुभक्त, लक्ष्मी प्रसाद देवकोटा, मोतीराम भट्ट, बालकृष्ण सम मेरै देशका होइन र । वर्तमान समयलाई हेर्दा सन्दुक कइत, महावीर पुन, CNN हिरोहरु मेरो देशमा छ । उहाँहरु जस्तै असल व्यक्ति म बन्न सक्दिन र ।

भविष्यमा ठूलो र असल व्यक्ति बन्न म अहिले देखि मेहनत गर्छु । अल्छी गर्नु हुँदैन । समयको ख्याल गर्नुपर्छ । मेरो देशमा मेरो भविष्य सुन्दर देख्छु किनकी मेरो देश एक विकासोन्मुख कृषिप्रधान देश हो । यहाँको हिमाल, पहाड, तराई तीन भागमा छुट्टै छुट्टै प्रकारका हावापानी पाइनुका साथै थरी थरीको अन्नपातहरु उत्पादन हुने कारणले गाँस, बास, कपासको अभाव हुँदैन । विभिन्न वनस्पति पाइने भएको कारण धागो बनाउने ऊन उत्पादन गर्ने क्षमता भएको देश हो ।

मेरो नेपाल देशको राजधानी शहर काठमाडौँलाई बालेनको शहर पनि भनिन्छ । छोपेर लुकाएको कुवा, ईनार, नदीहरु देवदेवताको मूर्तिहरु पनि खोजतलास गरेर नयाँ नेपाल बनाउँनु भएको छ । बालेन सरलाई सबै मिलेर होस्टेमा हैसे गरेर लागि पर्नुपर्दछ ।

मेरो भविष्य मैले मेरो देशमा सुन्दर देखेका छु । विभिन्न प्रकारको अन्नवालीहरु उत्पादन गरेर वर्ष भरी खान पुग्ने मेरो देशमा फलफूलहरु पनि पाइन्छ । पहाड तराईको फाँटहरुमा फल्ने अन्नपातहरुलाई बेचेर पैसा कमाउन सकिन्छ । यसरी नै म मेरो देश एक भविष्यमा कन्थिलो बनाउँछु । अनि म मेरो देशलाई एक सुन्दर असल सक्षम व्यक्ति बनेर भविष्य उज्यालो बनाउँछु ।

*कक्षा-५*

# घाम



**निशा नेपाली**

राती जुन टल्किन्छ
बिहान घाम झुल्किन्छ
हेर्छु म त घाम
म घरमा गर्छु धेरै काम

कहिले घाम कहिले पानी
हुन्छ हाम्रो जिन्दगानी
घाम हुन्छ माथि
हाम्रो नि हुन्छ साथी

पानी पर्छ ठुलो
घाम लाग्छ चर्को
साथीको हुन्छ लर्को
खेल्न लाग्छ झर्को

*कक्षा-४, कमाने एकेडेमी*
*हेटौंडा-८*

# दशैं



✍ पूजा अग्रवाल


दशैंको शुभकामना छ यो मनबाट
साथी हाम्रो खुसी छन् सबैको साथ
आयो दशैं सबै सपनाहरु पूरा भए
यसरी दशैंको बेलामा हाम्रो मन भरे ।

हर्षका साथ मनाऊ यो २०८० को दशैं
कोहि छैन पराया सबै छन् सँगै
दशैं आयो, दशैं आयो
खुशीयालीको उमङ्ग ल्यायो ।

समयले ल्याएको छ दशैंको माया
सबैले बिताउँछन् परिवारको साथमा
दशैं प्रेमको महोत्सव हो
सबैले मनाउँछन् यो जीवन खुसीको संगी हो ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# गजल



✍ सन्ध्या लम्साल

तिमीभित्र रहेको त्यो अहङ्कारदेखि डर लाग्छ
सम्झँदा भएका दूराचारदेखि डर लाग्छ ।

इर्स्या र लोभले किन घेर्‍यो यो संसारलाई
रक्षाका लागि निस्किएका चित्कारदेखि डर लाग्छ

सबै सोध्छन् किन बोल्दैनौ तिमी भनेर
बोलिएका शब्दको तिरस्कारदेखि डर लाग्छ

हरेक शब्द शब्दमा आँशु निस्किन्छन् मेरा
ती धारिला वचनको प्रहारदेखि डर लाग्छ

बन्द कोठाको अन्धकारमै रम्न मन लाग्छ
पीडा दिने संसाररूपी कारागारदेखि डर लाग्छ

*कक्षा-१०, चन्द्रोदय मावि, हेटौंडा-८*

# आमाको महिमा



✍ रीता कार्की

आमा तिमी कति महान छौ
नौ नौ महिना कोखमा राख्छौ ।

यो धर्तीमा जन्म दिन्छौ
तातेताते भनेर हिँड्न सिकाउँछौ ।

आफूले नखाई पोल्टामा लुकाउँछौ
घरमा ल्याई बालबच्चालाई खुवाउँछौ ।

हुर्काउँछौ बढाउँछौ कराउँछौ
हरेक दुःख गरेर पढ्न पठाउँछौ ।

भोलि त्यही बच्चाले लात्ती हान्छ
तिम्रो अनुहारमा मुस्कान आउँछ ।

भित्र त तिमी कति रुन्छौ होला
बाहिर मुस्कानले छाएको अनुहार देखाउँछौ ।

आमा तिमी महान हौ
सन्तानको इतिहास बचाउँछौ ।

*कक्षा-७, श्रमिक मावि, हेटौंडा-४*

# मेरा सपना



✍ अग्रिम दाहाल

विद्यार्थी भइन्जेल राम्रोसँग पढ्ने छु ।
सपना पूरा गर्नलाई सधैं अघि बढ्ने छु ।

डाक्टर बनी मेरो इच्छा सबको सेवा गर्ने
जिन्दगीको मेरो लक्ष्य सधैं अघि बढ्ने

मेरो सपना हो असल डाक्टर बन्ने
त्यही पेसालाई अपनाएर म ठुलो बन्ने

सहयोगी भाव राखी सत्कर्मलाई रोज्ने
काम गरी परिश्रमले देश पनि सिगार्ने

बिरामीको उपचार गरी रोग निको पार्छु ।
सबैसँग हातेमालो गर्दै म अघि बढ्छु ।

*कक्षा-४, कमाने एकेडेमी, हेटौंडा-८*

# मेरो देश मेरो भेष



✍ समीर तिमल्सिना

मेरो देश मेरो भेष
हिमालको सेतो केश,
पहिलो मेरो देश...

हिमाल हेरौं, पहाड हेरौं ।
सबै कति राम्रो
धान, मकै फलाउने
तराई प्रदेश हाम्रो ।

हिमाल पहाड तराई
केही छैन पराई ।
हाम्रा वीर पूर्खाका
बलिदान जाँदैन हराई ॥

नेपाल धर्ती महान ।
वीर पूर्खा महान ॥
नेपाल देशमा जन्म लिने
हामी नेपाली जहान ।

मेरो देश मेरो भेष ।
हिमालको सेतो केश
पहिलो मेरो देश ॥

*कक्षा-१०, भुटनदेवी मावि*
*हेटौंडा-४*

# नयाँ यात्रा



✍ समीक्षा यादव

आज जीवनको नयाँ नयाँ यात्रा सुरु गर्नु छ,
पक्कै आँखाबाट अनमोल आँशु झार्नु छ,
तर चाहेर पनि पछि हट्न सक्ने छैन,
मस्तिष्कले माने पनि मुटुले मान्ने छैन ।

हिजो साथीभाइ बोलाएर भेटियो,
तर क्षणिक पत्रका दुःख मात्र मेटियो,
मनमा छन् अझ कति कुरा,
तर थाहा छ हुन सक्ने छैन पूरा ॥

भन्छ, साथी छुट्छ माया पाएको सबैबाट
साट्छ दुःख मनले अब ककसबाट
बाटो त आखिर मैले नै चुनें,
मायाको धरातल छोडेर जितको शिखर छुने ॥

आखिर मेरो के नै कसुर छ,
तर मेरो गल्ती पनि कतै जरुर छ,
नयाँ शहर ठाउँ अञ्जान,
जहाँ आफ्नै पनि छन् विरान ॥

याद आउँछ अहिले त्यही ठाउँ
बाल्यकाल बिताएको प्यारो गाउँ
तर जीवनमा केही गर्नु छ
आँखाबाट अनमोल आँशु झार्नु छ ॥

*कक्षा-८, जीएस निकेतन, हेटौंडा-५*

# मेरो बाबा



✍ अनुरोध सिंह बस्नेत

मेरो बाबा बिहान चाँडै उठ्नुहुन्छ,
नित्यकर्म गरेपछि योग गर्नुहुन्छ ।
पढ्न लेख्न हामीलाई सघाउनुहुन्छ,
राम्रा राम्रा कुराहरु सिकाउनुहुन्छ ।

बाबा मेरो असल मानिस हुनुहुन्छ,
ठुलालाई आदर अनि सत्कार गर्नुहुन्छ ।
सानालाई माया गर्नु भन्नुहुन्छ जहिल्यै,
कसैसँग झगडा गर्नुहुन्न कहिल्यै ।

परिवारमा मिलेर बस्ने बानी बाबाको,
गर्नुहुन्छ सबै काम हाम्रो घरको ।
ईज्जत र प्रतिष्ठालाई सधै कायम राख्ने,
सफल मानिस बन्नलाई राम्रो काम गर्ने ।

मलाई मेरो बाबाको धेरै माया लाग्छ,
भगवान्को एउटा रूप जस्तै मलाई लाग्छ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल,*

# देशको काम



✍ सुमी थिङ

झण्डा हो नेपालको निशान
मरे जान्छ मसान
देशलाई गरौं सम्मान
चोरको कुरा नमान


माया गरौं देशलाई
बागमती यो प्रदेशलाई
काख प्यारो मधेशलाई
बरु पसिना चुहाऔं नेपालमा

विदेश हुनु भन्दा त
नेपालमा पाइन्छ राम्रो काम
गरौं देशका लागि केही
बरु कमाऔं आफ्नो नाम

अरुको देशमा पसिना चुहाई किन गर्ने दुःख
आफ्नै देशमा बसी बरु गर्छु म राम्रो काम
अमर रहन्छ आफु मरे पनि मर्दैन नाम
विदेश गई गर्दिन म कहिले सानो काम

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# आमाको परिभाषा



✍ मैत्रिया थिङ

आमाको परिभाषा लेख्नु कसरी
शब्द शब्द भित्रको वर्णन गर्नु कसरी
जन्मायौ नौ-नौ महिना कोखमा राखेर
नभनी दुःख अनि कष्ट सहेर

महान हौ आमा तिमी संसार देखायौ
ताते ताते भन्दै मलाई हिँड्न सिकायौ
तिम्रो प्रत्येक बोलीमा ममताको खानी
जता जता जान्छौ आमा म त्यतै जानी

तिमी नै हो सबैको संसार
तिमी नै हो प्रेमको भण्डार
तिमी बिना प्रत्येकलाई जिउन गाह्रो पर्छ
त्यसको जीवन व्यर्थ छ जसले हेला गर्छ

*कक्षा-६, चन्द्रोदय मावि, हेटौंडा-८*

# आमा



✍ प्रज्ञा दाहाल

आमा जस्ती राम्री कोही पनि छैनन् यहाँ
आमाबाट धेरै कुरा सिक्यौं हामीले नयाँ
आमा तिमी मेरा लागी भगवान् नै हौ ।
आमा तिमी मेरा लागी वरदान नै हौ ॥

आफू दुःख, कष्ट सही मेरो खुशी हेर्छौ
मेरा लागि तिमी सबै पृथ्वी पनि फेर्छौ
आफू भोकै बसी तिमी मेरो पेट पाल्छौं
थोत्री लुगा आफूलाई नयाँ लुगा दिन्छौं ॥

गल्ती गर्दा सम्झाएर धेरै ज्ञान दियौ
बदलामा माया पनि धेरै साथ लियौ
तिमी जस्तो माया गर्ने अरु कोही छैनन्
तिमी जस्तो साथ दिन अरु साथी छैनन् ॥

आमाले नै गर्दा आज यहाँसम्म आएँ
आमाको नै कारणले सफलता पाएँ ॥

*कक्षा-८, जीएस निकेतन, हेटौंडा-५*

# सपना



✍ अग्रिम पाठक

सपना तिमीसँगै म सुतेँ । सपना तिमीसँगै म उठेँ । अनि केही पर भाग्छौ त्यसैले लक्ष्य भेट्टाउन म कुद्दै, कुद्दैछु र कुदिरहन्छु निरन्तर जबसम्म हुन्छ स्वस्थ मन सार्ने छु । तर पनि लक्ष्य चुन्न सारा बाधा हटाई म जुटेँ ।

कहिले नदी त कहिले हिमाल तर्दै, नाघ्दै म रमेँ । चारैतिर कालो बादल ढाक्दा पनि म दौडिएँ । उड्दै छ यो मन फराकिलो बन्दै कता-कता आकाशमा । कस्तो होला प्रगति तलाउमा सोँच्दै सोँच्दै म पौडिएँ ।

कहिले कता, कहिले कता उन्नति, प्रगति जता-जता । दुःख, पीडा कतै छैन । भवसागर छ । सयलको राजा समान छु त के कमी छ ऐयासीको । आऊ सबै रंगहरू स्वाद चखाउँछु महलको ।

बाबु ! बाबु भन्दै कहीँ आवाज सुन्दै म बिउँझिएँ । मस्त निद्रामा हराएछु । कता-कता जुरुक्क उठ्दा यो भेटिएँ । झसङ्ग भई आँखा मिच्दै अब यो शुभकार्य थाल्नुछ । सपना तिमी अब सपनामै हराउ । विपनामा पाइला चाल्नुछ ।

*कक्षा-६, सिद्धार्थ शिशु सदन, हेटौंडा-५*

# आमा-बाबा



✍ विसुमाया प्रजा

आमाले मिठो खानेकुरा बनाउनुहुन्छ
बाबाले कपी कलम किनिदिनुहुन्छ ।

आमाले खेतबारीमा काम गर्नुहुन्छ
बाबाले अन्तैबाट धन कमाउनुहुन्छ ।

आमाले मलाई सानी भनेर बोलाउनुहुन्छ
बाबाले मलाई नानी भनेर बोलाउनुहुन्छ ।

आमाले मलाई नयाँ लुगा किनिदिनुहुन्छ
बाबाले मलाई चक्लेट किनिदिनुहुन्छ ।

आमाले मलाई कपाल कोरिदिनुहुन्छ
बाबाले मलाई स्कूल लगिदिनुहुन्छ ।

आमाले मलाई घरायसी काम सिकाउनुहुन्छ
बाबाले मलाई जिम्मेवारीको पाठ पढाउनुहुन्छ ।

आमाबाबाले मलाई धेरै माया गर्नुहुन्छ
आमाबाबाले मलाई धेरै खुशी बनाउनुहुन्छ ।

आमाबाबा नै जीवनमा प्यारो लाग्छ
आमाबाबा नै भगवान हो जस्तै लाग्छ ।

*कक्षा-७, श्रमिक मा.वि., हेटौंडा-४*

# विद्यार्थीको परिचय



**पुष्पा यादव**
**कक्षा-१०, भुटनदेवी मावि**

मेरो नाम पुष्पा यादव हो । म हेटौंडा-४ मा बस्छु । म हेटौंडा-४, स्थित भुटनदेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थी हुँ । म ५ कक्षादेखि भुटनदेवी माध्यमिक विद्यालयमा पढ्न थालेकी हुँ । म यो विद्यालयमा पढ्नु अघि गाउँको विद्यालयमै पढ्थेँ । मेरो घर रौतहटको मौलापुर भन्ने ठाउँमा पर्छ । घरदेखि टाढा म राम्रो शिक्षा हासिल गर्नका लागि यहाँ म आफ्नो भाइसँग बस्छु ।

मेरो भाइ पनि यस विद्यालयमै पढ्छ । म पहिला मेरो दाइसँग बस्थेँ तर हाल उहाँ काठमाडौँमा बसेर स्नातक तह अध्ययनरत हुनुहुन्छ । मेरो बाबा नेपाल प्रहरी हुनुहुन्छ र मेरी आमा गृहिणी हुनुहुन्छ । म सामान्य परिवारबाट हुँ । मलाई कक्षा ४ सम्म पढाइको महत्व नबुझेर मलाई पढाइमा रुचि थिएन । तर मेरो घर परिवार, छरछिमेकले मलाई सधै पढेर ठुलो मान्छे बन्नुपर्छ भन्ने सम्झाउनुहुन्थ्यो । गाउँमा खासै उचित शिक्षाको महत्व अर्थात् व्यवस्था नभएको हुनाले म मेरो गाउँ र घर परिवारबाट टाढा भई सहरमा बसेर पढ्नु परेको छ ।

वास्तवमा भन्नुपर्दा गाउँको भन्दा सहरको शिक्षामा धेरै नै भिन्नता रहेको छ । भुटनदेवी माविमा पढ्न पाउँदा मलाई धेरै खुसी लागेको छ । यहाँका शिक्षकहरु धेरै राम्रा र सहयोगी हुनुहुन्छ । यहाँ आएपछि शिक्षकहरुको सहयोगको कारण मलाई पढ्न मन लाग्न थाल्यो । त्यसपछि मलाई यो लाग्यो कि म मेरो सपना पूरा गर्नका लागि मिहिनेत र परिश्रमका साथ पढ्छु । मलाई मन पर्ने विषय विज्ञान हो । म भविष्यमा डाक्टर बन्न चाहन्छु ।

विज्ञान विषयमा म धेरै रुचि राख्छु अनि हरेक चिज जान्न खोज्छु । भविष्यमा विज्ञानको क्षेत्रमा काम गर्ने रुचि छ । मलाई क्रिकेट खेल मन पर्छ । समाजमा सबैजना भन्छन् कि केटीहरु पढेर केही गर्न सक्दैनन् । त्यसैले म पढेर केही यस्तो काम गरेर देखाउन चाहान्छु । त्यसपछि समाजमा भएको नारीप्रतिको नकारात्मक सोच परिवर्तन भई सबैलाई शिक्षित हुने मौका पाउन् । म भविष्यमा डाक्टर बनेर मेरो परिवारको शिर गर्वको साथ उठाउन चाहन्छु ।

### जेसीज कप फुटबल

# सिमपानी र हाँडीखोलाको विजयी



*रेफ्रिलाई बल हस्तान्तरण गरी प्रतियोगिता उद्घाटन गरिँदै ।*

समाज संवाददाता

हेटौँडा: जेसीआई चैनपुर (प्रस्तावित) को आयोजनामा मंगलबारबाट मनहरी गाउँपालिका जेसीज कप फुटबल प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताअन्तर्गत पहिलो दिन मंगलबार सिमपानी एफसी र हाँडीखोला यूथ क्लब विजयी भएको छ ।

उद्घाटन खेलमा सिमपानीले मनहरी ४ फुटबल टिमलाई २-० गोलअन्तरले हरायो । सिमपानीका लागि दुवै गोल राहुल थापा मगरले गरे । उनी म्यान अफ द म्याच घोषित भए । दोस्रो खेलमा हाँडीखोलाले खरंगा एफसीलाई १-० गोलअन्तरले हरायो । पहिलो हाफको अतिरिक्त समयमा विशाल प्रजाले गरेको गोल नै निर्णायक बन्यो । म्यान अफ द म्याच अभिषेक राई भए । कात्तिक १ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा मकवानपुरका १६ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले ५० हजार ५५५ रुपैयाँ र उपविजेताले २५ हजार ५२५ रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि नगदसहित ट्रफीको व्यवस्था रहेको छ ।

प्रतियोगिताको उद्घाटन मनहरी गाउँपालिकाका कार्यवाहक अध्यक्ष शिवप्रसाद खनालले गर्नुभयो । उहाँले मकवानपुरको पश्चिमी क्षेत्रमा क्रियाशील जेसीजसँग सहकार्यका लागि मनहरी गाउँपालिका तयार रहेको बताउनुभयो । चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको हो । प्रमोद अधिकारीको संयोजकत्वमा भएको उद्घाटन समारोहमा मनहरी गाउँपालिका ५ नम्बर वडा अध्यक्ष दीपेन्द्र अधिकारी, नेकपा एमाले मनहरी गाउँ कमिटी अध्यक्ष नविन सुवेदी, जेसीआई हेटौंडाका अध्यक्ष श्रवणकुमार बर्तौला, चैनपुर जेसीजका श्रीकृष्ण ढकाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

प्रतियोगितामा बुधबार बागमती प्रदेश प्रहरी गण हेटौंडा र रियल स्टार युवा क्लवको बीचमा खेल हुनेछ । कार्यक्रममा मनहरी ७ नम्बर वडा अध्यक्ष ठाकुरराम तितुङ, ३ नम्बरका कार्यबाहक अध्यक्ष हिराबहादुर प्रजा, ४ नम्बर वडा अध्यक्ष प्रकाश थापा, कांग्रेस जिल्ला सदस्य नुरज पौडेल, मनहरी सभापति प्रकाश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका क्षेत्रीय सभापति सञ्जिव पाठक, कांग्रेस मनहरी ८ नम्बर वडा सभापति भीमसेन लामा, बसामाडी जेसीजका अध्यक्ष जनक भण्डारी, हेटौंडा लेडीका अध्यक्ष दिलु घर्ती, मकवानपुरगढी प्रस्तावितका अध्यक्ष पुष्पराज पुडासैनी लगायतको आतिथ्य थियो ।

# १ सय ५४ जनाको स्वास्थ्य परीक्षण



समाज संवाददाता

हेटौंडा: ६८ औं प्रहरी दिवस २०८० को अवसरमा भएको स्वास्थ्य शिविरमा १ सय ५४ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । मंगलबार भएको शिविरमा १ सय ५४ जनाको स्वास्थ्य जाँच गरिएको वरिष्ठ प्रहरी उपरीक्षक दीपक रेग्मीले जानकारी दिनुभयो ।

शिविरमा प्रहरी कर्मचारी, पूर्वप्रहरी कर्मचारी र कर्मचारीको परिवारका सदस्यको स्वास्थ्य जाँच गरिएको छ । 'प्रिभेन्सन इज बेटर देन केयर'को नाराका साथ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा स्वास्थ्य शिविर एवम् सचेतनामूलक कार्यक्रम सम्पन भएको हो ।

शिविरमा उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, क्यान्सर, पाठेघर रोगसम्बन्धी स्वास्थ्य जाँच गरिएको थियो । परीक्षण र उपचारसँगै जनचेतनामूलक पर्चा, पम्पलेट वितरण गरिएको रेग्मीले जानकारी दिनुभयो । शिविरमा औषधि वितरणसमेत गरिएको उहाँले बताउनुभयो । कार्यक्रममा स्त्रीरोग विशेषज्ञ डा. अभिमन्यु श्रेष्ठको नेतृत्वमा मेडिकल अधिकृत, डाक्टर तथा अरु स्वास्थ्यकर्मीले स्वास्थ्य जाँच गर्नु भएको रेग्मीले बताउनुभयो ।

# क्रेनले किचेर सहचालकको मृत्यु

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१०, कर्रामा क्रेनले किचेर क्रेनका सहचालकको मृत्यु भएको छ । मंगलबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा प्रदेश २-०३००१ क २०२४ नम्बरको क्रेन ब्याक गर्ने क्रममा सहचालक पर्सा जिल्लाको बीरगन्ज-३० का २८ वर्षीय सान बाबु पासवानलाई किचेको प्रहरीले जनाएको छ ।

क्रेनले किचेर गम्भीर घाइते भएका पासवानलाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको थियो । उपचारको क्रममा मंगलबार दिउँसो २ बजेर ४० मिनेटको समयमा पासवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । क्रेन चालक प्रहरीको नियन्त्रणमा रहेको छ ।

# साइकलबाट लड्दा दक्षमानको मृत्यु

समाज संवाददाता

हेटौंडा: नुवाकोट जिल्लाको विदुर नगरपालिका-७, सानोगाउँमा साइकल अनियन्त्रित भई लड्दा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा साहुगाउँ का ६० वर्षीय दक्षमान तामाङ रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो १२ बजेको समयमा साइकलमा साहुगाँउबाट सानोगाउँ जाने क्रममा भित्रि कच्ची सडकखण्डमा साइकल आफैं अनियन्त्रित भई सडकबाट ५ मिटर तल खस्दा दक्षमानको घटनास्थलमै मृत्यु भएको बताइएको छ ।

### हेटौँडामा साइकल रन हुँदै

# विजेताले ५० हजार पाउने

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा मकवानपुर जिल्ला साईक्लिङ्ग संघ समन्वयमा दोस्रो संस्करणको साइकल रन प्रतियोगिता हुने भएको छ । दशैं, तिहार तथा छठ पर्वको अवसर पारेर यही असोज २७ गते शनिबार प्रतियोगिता सञ्चालन गर्न लागिएको छ ।

२५ किलोमिटरको दूरी पार गर्नुपर्ने प्रतियोगितामा १६ वर्ष पूरा भई ६० वर्षसम्मका मकवानपुर जिल्लाका स्थायीवासी नेपाली नागरिकले सहभागिता जनाउन पाउने छन् । प्रतियोगिता बिहान ७ बजे हेटौंडा-४ हुप्रचौरबाट सुरु हुनेछ । प्रतियोगितामा प्रथम हुनेले ५० हजार रुपैयाँ, द्वितीय हुनेले ३० हजार रुपैयाँ र तृतीय हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिने छ । यस्तै प्रोत्साहन पुरस्कार स्वरुप दुई जनालाई १०-१० हजार रुपैयाँ प्रदान गरिने मकवानपुर जिल्ला साइक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठले जानकारी दिनुभएको छ ।

# आईचर गाडि दुर्घटना हुँदा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: रसुवाको आमाछोदिङ्मो गाउँपालिका-२ नेशिङ खोलामा आईचर गाडि दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । पाँच जना घाइते भएका छन् । मृत्यु हुनेमा आमाछोदिङ्मो गाउँपालिका-२ का ३२ वर्षीय अक्कलबहादुर तामाङ, ३० वर्षीय फुर्पु छेवाङ तामाङ र ३९ वर्षीया पेम्वाडोल्मा तामाङको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार साँझ ५ बजेर ४२ मिनेटको समयमा भित्र कच्ची सडक खण्ड (नेसिङ-ग्रे गाउँ) मा नेसिङबाट आलु लोड गरी ग्रे गाउँतर्फ जाँदै गरेको बा ५ ख ५७८ नम्बरको आईचर गाडि अनियन्त्रित भई सडकबाट २ सय मिटर तल खस्दा दुर्घटना भएको हो । तीनै जनाको शव पोष्टमार्टमका लागि धुन्चेस्थित जिल्ला अस्पताल लगिएको र घाइतेहरुको जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

# लागुऔषधसहित एकजना पक्राउ

समाज संवाददाता

हेटौंडा: मकवानपुर प्रहरीले हेटौंडा-१० बसपार्कबाट लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-७ का ३२ बर्षीय रञ्जित चौरसिया रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार राति ११ बजेको समयमा बसपार्क क्षेत्रमा पैदल हिँडिरहेका चौरसियालाई शंका लागेर सुरक्षाजाँच गर्दा उनको साथबाट लागुऔषध नाईट्राभेट ३९ वटा फेला परेको पारेको थियो । लागुऔषधसहित चौरसियालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# ५ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडा: मंगलबार मकवानपुरमा ५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरण अनुसार आज मकवानपुरका ५ जना बासिन्दामा डेंगु पुष्टि भएको छ । पुष्टि भएका ५ जनामध्ये ३ जना हेटौंडा उपमहानगरपालिका रहेका छन् भने २ जना मनहरी गाउँपालिकाका छन् । साउनयता हलसम्म ५ सय ८७ जनामा डेंगु पुष्टि भइसकेको छ । पुष्टि भएका ५ सय ८७ जनामध्ये ४ सय २ जना हेटौंडा उपमहानगरपालिकाका रहेका तथ्याङ्क रहेको छ ।

सूचना !!! सूचना !! सूचना !

हेटौँडा उपमहानगरपालिका एवम् हेटौँडास्थित विभिन्न कार्यालय र संघ, संस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसँगको सञ्चारलाई सहजीकरण गर्न हेटौँडा उपमहानगरपालिका र मकवानपुर बहिरा संघको साझेदारीमा साङ्केतिक भाषा सहजीकरणका लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

**सम्पर्कका लागि**
महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं: ०५७-५९०१०३
अम्बिका घिमिरे:- ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५000।- वा सो भन्दा बढी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरु
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज
सम्पर्क: ९८४५४३८८६०/०५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

स्वादिष्ट नेवारी खाजा
अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५% दशैं विशेष अफर
AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOIER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरु होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटर: अंकित ढकाल
९८५५०-६२९७७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ